कर्णाली प्रदेशको पहिलो दैनिक

# कााँक्रेविहार

www.kankrebihar.com

राष्ट्रिय दैनिक




वर्ष : २५ | अंक : २०९ | मंगलवार, २९ वैशाख, २०८३ | Tuesday, 12 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०

## प्रदेश अस्पतालको ओपीडी भवन शिल्यानास



**कााँक्रेविहार संवाददाता**
सुर्खेत, २८ वैशाख

कर्णाली प्रदेश अस्पतालको छुट्टै ओपीडी भवन निर्माण हुने भएको छ। भवन निर्माणका लागि सोमबार अस्पताल परिसरभित्रै शिलान्यास गरिएको छ। कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल, सामाजिक विकास मन्त्री घनश्याम भण्डारीको सहभागितामा भवन शिलान्यास गरिएको हो।

प्रदेश अस्पतालका सूचना अधिकारी अनिता ज्ञवालीका अनुसार, भवनको लागत अनुमान सुरुमा २९ करोड ९८ लाख गरिएको थियो।

ठेकदार कम्पनीले १६ करोड ८४ लाख लागतमा भवनको निर्माण सम्पन्न गर्ने गरी जिम्मा लिएको छ।

निर्माणको जिम्मेवारी चण्डीदेवी विशाल एन्ड विराट जेभी काठमाडौँले लिएको उनले बताइन्। 'हाम्रो अहिले सञ्चालित ओपीडीको संरचना ५० शय्याको अस्पतालमा आधारित छ, तर हाम्रो सेवा अहिले ३०० शय्यामा छ,' उनले रातोपाटीसँग भनिन्, 'त्यसकारण भीड निकै ठुलो हुन्छ। थेग्न सक्ने अवस्था छैन।'

छिटो-छरितो सेवाका लागि प्रदेश र केन्द्र सरकारको सह-लगानीमा छुट्टै नयाँ ओपीडी भवन निर्माण गर्न लागिएको ज्ञवालीले बताइन्। ठेकदार कम्पनीले अबको १४ महिनाभित्र निर्माण सम्पन्न गरेर भवन हस्तान्तरण गर्नुपर्ने सीमा छ।

## एसईईको नतिजा सार्वजनिक

**कााँक्रेविहार संवाददाता**
काठमाडौं, २८ वैशाख

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा सार्वजनिक गरेको छ । विगतका वर्षमा परीक्षा सकिएको तीन महिनाभित्र एसईईको नतिजा प्रकाशन हुन्थ्यो। यस पटक भने बोर्डले पहिलोपटक एकमहिनाभित्रै नतिजा सार्वजनिक गरेको हो। बालेन शाह नेतृत्वको नयाँ सरकारले एसईईको नतिजा सुरुमा १५ दिनभित्रै सार्वजनिक गर्ने विषयमा पनि छलफल गरेको थियो। तर, हतार गर्दा समस्या आउन सक्ने देखिएकाले बढीमा एक महिनाभित्र नतिजा सार्वजनिक गर्न शिक्षा मन्त्रालय र बोर्डका अधिकारीबिच सहमति भएको हो। नतिजा प्रकाशनलाई छरितो बनाउन यस पटक एसईईको उत्तरपुस्तिका परीक्षा केन्द्रमै परीक्षण गरिएको छ भने उत्तरपुस्तिका परीक्षण गर्न जनशक्ति पनि धेरै खटाइएको थियो।

# सरकारको नीति तथा कार्यक्रममा विकासका महत्त्वाकांक्षी योजना

**कााँक्रेविहार संवाददाता**
सुर्खेत, २८ वैशाख

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम पढेर सुनाएका हुन्। सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पूर्वाधार विकास, स्वास्थ्य सेवा विस्तार, यातायात सुधार, डिजिटल रूपान्तरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राख्दै विभिन्न महत्वाकांक्षी योजना अघि सारेको छ। राष्ट्रपति रामचन्द्र पौडेल मार्फत सोमबार संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रममा सडक, रेल, खानेपानी, स्वास्थ्य, सहरी विकास र डिजिटल पूर्वाधारलाई तीव्र गतिमा विस्तार गर्ने लक्ष्य उल्लेख गरिएको छ।

सरकारले स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी र पहुँचयोग्य बनाउन सामुदायिक स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता र सेवा दायरा विस्तार गर्ने जनाएको छ। दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ सेवा उपलब्ध गराउन टेलिहेल्थ प्लेटफर्म विस्तार गरिने नीति लिइएको छ। साथै, रोग निगरानी तथा नियन्त्रणका लागि "सेन्टर फर डिजिज कन्ट्रोल" स्थापना गर्ने घोषणा गरिएको छ।

क्यान्सरलगायत नसर्ने रोग नियन्त्रणका लागि रोकथाम, नियमित परीक्षण र जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। सरकारले मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगका रूपमा स्थापित गर्दै राष्ट्रिय मानसिक स्वास्थ्य



नीति कार्यान्वयन गर्ने जनाएको छ। योग, ध्यान तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई पनि विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

अपांगता भएका नागरिकका लागि पुनःस्थापना केन्द्र स्थापना गरी फिजियोथेरापी तथा सहायक सेवाहरू विस्तार गर्ने योजना पनि सरकारले अघि सारेको छ। बालबालिकाको प्रारम्भिक पहिचान र पुनःस्थापना सेवालाई स्थानीय तहसम्म विस्तार गरिने नीति लिइएको छ। खानेपानी तथा सरसफाइ क्षेत्रमा सरकारले २०८७ सालसम्म सबै नागरिकलाई स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य सार्वजनिक गरेको छ। तराई-मधेश क्षेत्रमा आर्सेनिकमुक्त पानी उपलब्ध गराउने, ढल व्यवस्थापन प्रणाली सुधार गर्ने तथा पानी परीक्षण प्रयोगशाला स्थापना गर्ने योजना अघि सारिएको छ।

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न भू-जल पुनर्भरण, वर्षाको पानी संकलन तथा जलाशयमा आधारित आयोजना विस्तार गरिने सरकारले जनाएको छ। "हिमालयन ओरिजिनेटेड वाटर" अवधारणामार्फत नेपाली पानीको अन्तर्राष्ट्रिय ब्रान्डिङ गरिने नीति पनि कार्यक्रममा समावेश गरिएको छ।

यातायात पूर्वाधार विस्तारलाई सरकारले प्रमुख प्राथमिकतामा राखेको छ। नीति तथा कार्यक्रममा हुलाकी राजमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग तथा उत्तर-दक्षिण राजमार्गको स्तरोन्नति र विस्तारलाई तीव्र पारिने उल्लेख गरिएको छ। सबै स्थानीय तहलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोड्ने लक्ष्य पनि सरकारले दोहोर्‍याएको छ।

काठमाडौं-तराई मधेश द्रुतमार्ग तथा त्यससँग जोडिएका सडक निर्माणलाई शीघ्र सम्पन्न गर्ने घोषणा गरिएको छ। पर्यटकीय क्षेत्रसम्म सडक पहुँच विस्तार, वैकल्पिक मार्ग विकास तथा सडक सेवा केन्द्र निर्माणमार्फत स्थानीय अर्थतन्त्र चलायमान बनाइने सरकारको भनाइ छ।

सार्वजनिक यातायातलाई सुरक्षित र भरपर्दो बनाउन विद्युतीय मास ट्रान्जिट प्रणाली विकास गर्ने नीति लिइएको छ। सडक दुर्घटना न्यूनीकरणका लागि जीपीएस ट्र्याकिङ, एआईमा आधारित ट्राफिक क्यामेरा तथा डिजिटल जरिवाना प्रणाली लागू गरिने भएको छ। पैदलयात्री र साइकल प्रयोगकर्ताका लागि सुरक्षित पूर्वाधार निर्माण गर्ने तथा महिलाको

बाँकी पृष्ठ ४

## 'कर्णालीमा कांग्रेसले सरकार चलाउने बेला आएको छ'

**कााँक्रेविहार संवाददाता**
सुर्खेत, २८ वैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कर्णाली प्रदेशमा सरकार परिवर्तनको संकेत गरेका छन्।

कर्णाली प्रदेशको सुर्खेतमा 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेला' मा उनले प्रदेश सरकार परिवर्तनको संकेत गरेका हुन्।



'नेकपा एमाले र हाम्राबीच भएको समझदारीको आधारमा कर्णाली प्रदेशमा हामीले नेतृत्व गरेर सरकार चलाउने बेला आएको छ,' उनले भने, 'हाम्रो नेतृत्वमा हामी सरकार चलाउँछौं।'

सभापति थापाले कर्णाली प्रदेशमा पार्टीको नेतृत्वमा सरकार बन्ने भन्दै गर्दा दर्शकदीर्घाबाट तालीको बजेको थियो। त्यसप्रति इंगित गर्दै उनले भने, 'सरकार बन्छ भन्दै गर्दा थपडी तपाईंहरूले बजाउनु भएको छ। एक वर्षपछि फेरि आउँछौं हामी। बीचमा पनि आउँछौं। आएको बेलामा, हाम्रो नेतृत्वको कर्णाली सरकारले कर्णालीको हितमा यो-यो काम गऱ्यो भनेर मुख्यमन्त्रीले बोल्दै गर्दा त्यहाँ बसेर मैले र विश्वप्रकाशले थपडी बजाउन पाउनुपर्छ।'

सभापति थापाले कर्णाली प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार बन्ने दोहोऱ्याउँदै आफूहरूलाई 'डेलिभरी' बाहेक केही पनि नचाहिएको बताए।

'सरकार बन्ने कुरा हामीलाई छोडिदिनुस्। बन्छ,' उनले भने, 'तर, सरकार बनिसकेपछि हामीलाई डेलिभरी चाहियो। हामीलाई केही पनि चाहिँदैन।'

## बाढीपहिरोले कृषि र पूर्वाधारमा ठूलो क्षति

**कााँक्रेविहार संवाददाता**
सल्यान, २८ वैशाख

अविरल वर्षासँगै आएको बाढीपहिरोले सल्यानका विभिन्न क्षेत्रमा कृषि तथा पूर्वाधार क्षेत्रमा ठुलो क्षति पुऱ्याएको छ।

शारदा नदी तथा विभिन्न खहरेखोलामा आएको बाढीले बागचौर नगरपालिका र छत्रेश्वरी गाउँपालिकाका विभिन्न योजना प्रभावित बनेका हुन्।

बाढीका कारण बागचौर नगरपालिका छ देखी नौ र १० तथा छत्रेश्वरी गाउँपालिका एक र दुई मा सडक, खानेपानी, सिँचाइ कुलो, टटबन्धलगायतका दर्जनौं योजनामा क्षति पुगेको स्थानीय तहले जनाएको छ।

दुई दर्जनभन्दा बढी सडक अवरुद्ध भएका छन् भने खानेपानी तथा सिँचाइ आयोजनामा व्यापक क्षति पुगेको छ।

शारदा नदीमा आएको बाढीले एक सय रोपनीभन्दा बढी खेतमा लगाइएको गहुँ, तरकारी तथा सुन्तलाबाली नष्ट भएको छ।

स्थानीयका अनुसार बाढीले गहुँ बोकेको ट्याक्टर, पानीघट्ट तथा जलिरहेको शवसमेत बगाएको थियो। लगातारको वर्षाका कारण पहिरो जाँदा दुई घरमा समेत क्षति पुगेको जनाइएको छ।

बाढीपहिरोका कारण सडक चिराचिरा पर्नुका साथै कल्भर्ट र ह्युमपाइप बग्दा बागचौर नगरपालिकाका विभिन्न सडकमा यातायात सेवा अवरुद्ध भएको छ।

खानेपानीका मुहान पुरिनुका साथै पाइप र ट्याङ्कीमा क्षति पुगेपछि स्थानीयवासी खानेपानी संकटमा परेका छन्। स्थानीय जनप्रतिनिधि यज्ञबहादुर डाँगीका अनुसार बाढीले वडाभित्रका तीन दर्जनभन्दा बढी सडकमा क्षति पुऱ्याएको छ। उनले चार वटा खानेपानी योजनाका मुहान पुरिनुका साथै ट्याङ्की र पाइपमा समेत क्षति पुगेको जानकारी दिए।

लगातारको वर्षाले किसानले लगाएको अदुवा, आलु र सुन्तलाबालीमा समेत ठूलो नोक्सानी पुगेको छ, उनले भने सडक बिग्रिएकाले सवारी सञ्चालन हुन सकेको छैन भने तीन सयभन्दा बढी परिवार खानेपानीका लागि टाढा जान बाध्य भएका छन्। ज्ञानबहादुर वलीका अनुसार गत वर्ष मात्रै निर्माण सम्पन्न भएको ५० लाख रुपैयाँ लागतको हिमचौर खानेपानी योजनामा क्षति पुग्दा करिब एक सय २० परिवार प्रभावित भएका छन्।

त्यस्तै, प्रेमबहादुर डिसीले बाढीले दर्जनभन्दा बढी सिँचाइ कुलो तथा खानेपानी योजनामा क्षति पुऱ्याएको जानकारी दिए। उनका अनुसार एक सय रोपनीभन्दा बढी खेत पुरिनुका साथै ह्युमपाइप र कल्भर्ट समेत बगेका छन्।

सुशीलजङ्ग चन्दले चार वटा खानेपानी योजनाका मुहान पुरिएको बताउँदै मर्मतका लागि नगरपालिकासँग आग्रह गरिएको जानकारी दिए।

ज्ञानप्रसाद शर्मा धितालले कालाखेत क्षेत्रमा निर्माणाधीन तटबन्धमा क्षति पुगेको बताए। यस्तै, प्रकाश हमालका अनुसार बाढीले फारुली-दहखोली-लाखुरीबोट क्षेत्रमा निर्माणाधीन पदमार्गको स्याब ढलान बगाएको छ भने लसुने-काफलाबाङ खानेपानी योजनामा समेत क्षति पुगेको छ।

वर्षासँगै परेको असिनाले किवी र सुन्तलाबालीमा थप क्षति पुऱ्याएको जनप्रतिनिधिहरूले बताएका छन्। यसअघि परेको असिनापानीले कपुरकोट क्षेत्रसहित बागचौर र छत्रेश्वरीका सुन्तला बगैँचामा ठूलो नोक्सानी पुऱ्याएको थियो। हाल प्रभावित क्षेत्रमा क्षतिको विवरण संकलन तथा मर्मतको तयारी भइरहेको स्थानीय तहले जनाएको छ।

## सम्पादकीय

# संकटलाई अवसरमा बदलौं

कर्णाली प्रदेशमा निर्माणाधीन सडक आयोजनाहरू प्रभावित हुनु केवल निर्माण क्षेत्रको समस्या मात्र होइन, यो प्रदेशको समग्र विकास यात्रामाथि परेको गम्भीर धक्का हो । बिटुमिन अभाव, पेट्रोलियम पदार्थको मूल्यवृद्धि र निर्माण सामग्रीको चर्को महँगीका कारण प्रदेशभरका सडक आयोजना सुस्ताएका छन् । विशेषगरी इरान–इजरायल तनावपछि अन्तर्राष्ट्रिय बजारमा देखिएको अस्थिरताले कर्णालीजस्तो भौगोलिक रूपमा विकट प्रदेशलाई प्रत्यक्ष असर गरेको छ । कर्णालीमा सडक पूर्वाधार विकासलाई समृद्धिको मुख्य आधार मानिँदै आएको छ । सडक सञ्जाल विस्तारबिना यहाँको आर्थिक, सामाजिक र पर्यटन विकासको कल्पना गर्न सकिँदैन । तर अहिले प्रदेश सरकार र केन्द्र सरकार दुवैले सञ्चालन गरिरहेका महत्वपूर्ण सडक आयोजनाहरू प्रभावित बनेका छन् । मदन भण्डारी राजमार्गअन्तर्गत बड्डीचौर–खम्बागाडे सडक, वीरेन्द्रनगरको मुलपानी–रानीघाट सडक, छिन्चु–जाजरकोट सडकलगायत धेरै आयोजना निर्धारित समयमै सम्पन्न हुने सम्भावना कमजोर बन्दै गएको छ ।

समस्या केवल बिटुमिन अभावमा सीमित छैन । निर्माण सामग्रीको मूल्य अस्वाभाविक रूपमा बढ्नु, इन्धन महँगिनु, भुक्तानी प्रक्रियामा ढिलाइ हुनु र आवश्यक सामग्री सहज रूपमा उपलब्ध नहुनुले निर्माण व्यवसायीहरूलाई थप संकटमा पारेको छ । परिणामस्वरूप कामको गति सुस्तिएको मात्र होइन, कतिपय आयोजनाहरू ठप्प हुने अवस्थामा पुगेका छन् । प्रदेश सरकारले यस वर्ष १६१ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य राखेको थियो । तर चैत मसान्तसम्म जम्मा ५३ किलोमिटर मात्रै कालोपत्रे हुन सकेको तथ्यले लक्ष्य र उपलब्धिबीचको ठूलो दूरी देखाउँछ । यस्तै, पुँजीगत बजेट कार्यान्वयनको अवस्था पनि अत्यन्त कमजोर छ । विकास खर्च अपेक्षाअनुसार हुन नसक्दा प्रदेशको समग्र आर्थिक गतिविधिमा नकारात्मक असर पर्ने निश्चित छ ।

यस परिस्थितिमा सरकारको भूमिका अझ जिम्मेवार हुन आवश्यक छ । अन्तर्राष्ट्रिय संकटका कारण समस्या आएको भए पनि त्यसको व्यवस्थापन र विकल्प खोज्ने दायित्व राज्यकै हो । निर्माण सामग्रीको आपूर्ति सहज बनाउने, आयोजनाको भुक्तानी प्रक्रिया छिटो गर्ने, आवश्यक सहुलियत उपलब्ध गराउने तथा निर्माण व्यवसायीलाई राहत दिने विषयमा सरकार गम्भीर बन्नुपर्छ । अन्यथा निर्माण क्षेत्र थप संकटमा जाने जोखिम छ ।

निर्माण व्यवसायीहरूले म्याद थप, बैंक ग्यारेन्टी र बीमामा सहुलियत माग गर्नु अस्वाभाविक होइन । अहिलेको अवस्था उनीहरूको नियन्त्रण बाहिरको परिस्थिति हो । सरकारले यसलाई केवल ठेकदारको समस्या भनेर पन्छिन मिल्दैन । विकास आयोजना रोकिनुको प्रत्यक्ष असर नागरिकको दैनिक जीवन, सेवा पहुँच र प्रदेशको आर्थिक गतिमा पर्छ ।

कर्णालीले लामो समयदेखि पूर्वाधार अभावको पीडा भोग्दै आएको छ । अहिलेका आयोजनाहरू समयमै सम्पन्न हुन नसके विकासको गति अझ पछाडि धकेलिने खतरा छ । त्यसैले सरकार, निर्माण व्यवसायी र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक छ । संकटलाई अवसरमा बदल्ने गरी वैकल्पिक आपूर्ति, समय व्यवस्थापन र कार्यान्वयन क्षमता सुधार गर्न सकिए मात्रै कर्णालीको विकास यात्रालाई बचाउन सकिन्छ ।

# पछ्याउँदै छु आज पनि पुर्खाका पदचापहरू



श्रीप्रसाद जबेगू

मेरो बाजेले जे सिके, बाबुलाई त्यही सिकाए । बाबुले मलाई जे सिकाए, आज म पनि त्यही कर्म गर्दै छु। वसुन्धराको काखमा बल्लबल्ल भाष्करद्वारा पोखिएको न्यानो किरणसँगै हातमा कोदाली बोकेर बारीमा पसेको म करिब तीन घण्टाको समयपछि लखतरान भएर निस्कें ।

लामो सुस्केरा हालेर 'खुइ...या....!' गर्दै आँगन र पेटीको सीमामै बस्न मन लाग्यो, जहाँ पानी पर्दा छानाबाट खसेका थोपाहरूले डोबेडोब पारेका थिए । सायद त्यसलाई नै होला, हाम्रा पुर्खाहरूले बर्लेसी भन्न सिकाएका ।

'ऐकया..!' गर्दै त्यहीँ केही बेर आराम गरेपछि पुनः आनन्दको लामो सास तानें । अनि अनेक थरी कल्पना गर्दै अनायास नजरलाई पूर्वदिशातिर हुत्याएछु । ख्वाक्क गरेर थोरै खोल्दा निस्केको खकार मुखबाट फालें । बत्तीमा झुमिएका छिचिमिराझैं एक हुल कुखुराहरू तँछाडमछाड गर्दै त्यो खकारमा झुत्ती खेले । दृष्टि क्षितिजमा फालेलुड मुस्कुराइरहेको थियो । लाम्थ्यो, आज लामो समयपछि उदाएको सूर्यको पारिलो किरणलाई स्वागत एवं सत्कार पो गरिरहेको हो कि जस्तो ।

मान्छेका लागि कहिल्यै पनि लालचको घडा भरिँदैन भन्ने कुरा थाहा छ । तैपनि भौतिक, बौद्धिक, राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक र सांस्कृतिक श्रमद्वारा ऊ दौडिरहेको हुन्छ, अपवादबाहेक त्यो दौड उसको कार्यसम्पादन पनि हो । म पनि त त्यो सामान्य नियमको अपवाद कहाँ हुन सक्थें र ? विगत वर्तमान र भविष्यहुँदै आफ्नो पार्थिव शरीर धरतीमा विलय नभइञ्जेलसम्म यो नियमित दैनिकी चलिरहनुपर्छ र चलिरहनेछ । अर्थात् चलाइरहेको छु ।

जीवनको उबाडखाबडमा भत्किएका सपनाको खरानीबाट सिर्जनाको फूल फुलाउने इच्छा त थियो नै । उमेरका कारण ती कुराहरू सबै पीडायुक्त विगतको स्मरण गर्दै केवल सोचमा सीमित राख्नुको विकल्प रहेनन् अब त ।

पाकाहरूको अनुभव र परिपक्वता, जवानहरूको जोस र ऊर्जाद्वारा नै जीवन बदलिन्छ भन्ने कहावत नसुनेको त होइन । तर, सामुन्ने उभेको देउराली र आकाशिएका चुली डाँडाहरू युगौंदेखि मौनतामा जुवारी खेले पनि कहिल्यै मिलन हुन नसकेझैं मेरो लागि त्यो सम्भव हुन सकेन । किनकि जुन बेला मसँग ऊर्जा र जोस थियो, त्यतिबेला अनुभव र परिपक्वता थिएन । आज अनुभव र परिपक्वता साथमा हुँदा ती ऊर्जा र जोसहरू शरद ऋतुमा हेवा खोलाको बगरतिर बहने चिसो बतासजस्तै कहाँ पुगेर बहँदै छ ? थाहा छैन । रहर मात्र भएर के गर्नु, बल तागत भए पो ।

शिक्षा, स्वास्थ्यलगायत सुविधाहरू पछ्याउने नाममा आजकल मौरीले घार छोडेझैं मानिसहरूले गाउँ छोड्दा खेतबारीले विरहको वेदना सुसेल्छ । अर्कोतिर यातायातको सुविधालाई घरघर टँसाउने हुँदा पाखाभित्ताहरू जताततै कोपरिएका छन् । तिनै कारण पानीका मुहानहरू आतंकित भएर बसाइँ हिँडेका छन् भने खोल्साखोल्सीहरू नदी र खोला चुम्न व्यग्र छन्, त्यो पनि कुपोषणले जीर्ण भएको कुनै जनावरजस्तै भएर । प्रकृति रिसाएर बेलाबेला रौद्र रूप प्रकट गर्छिन् । गाउँघरमा अलिअलि गरिने कृषिकर्म पनि 'कर्म गर्दै जाऊ फलको आशा नगर' भनेजस्तै बाध्यताको पेसा बनेको छ हिजोआज । नगरौं उपाय छैन, गरौं उत्पादनको दृष्टिले सालबसाल किसानहरू घाटाको घाटामै । म पनि त्यही बाध्यताको पेसामा हुनुको नाताले त हो, हातमा कहिले कोदाली र हँसिया कहिले हलो र जुवा बोकेर पटकपटक बारीका भित्ता र छेउकुनाहरूमा हराउने गरेको ।

कुनै शताब्दीतिर कुनै दार्शनिकले सौन्दर्यको परिभाषा दिँदै भनेका थिए, 'मानिस त्यो बेला सुन्दर देखिन्छ, जुन बेला ऊ श्रममा जोतिइरहेको हुन्छ ।'

यसरी हराइहँदा उक्त भनाइले आनन्द त आउँछ । अर्कोतिर कलकले, ढुकुर, लामपुच्छे, हलेसो र कोइलीजस्ता असंख्य चराहरूको कलरवी आवाज र उडानले मनमस्तिष्कलाई सदैव ताजगीपनको थैलीभित्र राख्छ । तर, यो भौतिक श्रमभित्रको पीडा पनि कहाँ कम छ र ?

जीवनको उबाडखाबडमा भत्किएका सपनाको खरानीबाट सिर्जनाको फूल फुलाउने इच्छा त थियो नै । उमेरका कारण ती कुराहरू सबै पीडायुक्त विगतको स्मरण गर्दै केवल सोचमा सीमित राख्नुको विकल्प रहेनन् अब त ।

तिहुन पकाउनलाई आगो बलेको चुलोमा राखेको कराईजस्तो सूर्यको प्रचण्ड रापले निमेषनिमेषमा टाउको तातिएर आउँछ । कुनै जंगली लहराले निर्दोष रुखलाई बेरेर अँठ्याएजस्तै बुढ्यौलीले च्याप्प समातेकाले हो कि शरीर हलचल हुन नसक्ने गरी ढाड कम्मर कटकट खान्छ । हातखुट्टा झमझमाउँछ । लल्याकलुलुक हुन्छ । तैपनि कहाँ धर पाइन्छ र ? 'ऐक्या आत्था !' भन्दै सकी नसकी जोतिनैपर्छ । घोटिनैपर्छ ।

मान्छेसँग जस्तो सीप छ, त्यस्तै काम गर्न पाउँछ । उसले जे काम गरेको हुन्छ, त्यहीअनुसारको दाम पाउँछ । श्रमिक र किसानहरूको सम्मान हुन्छ । उनीहरूले जेजे उत्पादन गर्छन्, त्यसको बेच्ने व्यवस्था पनि राज्यले मिलाइदिन्छ भन्ने सपनाभित्र हराएका वर्षहरू दशकौं भो, अब त बितेर गएको । त्यो सन्देश बोकेर घरघर चहारेको पनि बीसकौं नाघ्यो । ती कुराका व्यावहारिक अभ्यासहरू मालीको लापर्वाहीले फुल्नै नपाई मरेको फूलको बोटजस्तै केही ठूला शहरबाहेक गाउँसम्म आउने सकेन । केही मान्छेहरूले बाहेक आमनागरिकले व्यवहारमा उपभोग त के अनुभूतसम्म पनि गर्न पाएनन्, चिमालको बोटले प्रकृतिलाई ढाँटेजस्तै मात्रै भए ती आशाहरू । बरु उल्टै त्यस प्रकारले प्रशिक्षित गर्ने राजनीतिको युग नेपालमा अब सकिएको हो कि बाँकी छ ? यदि बाँकी छ भने सैद्धान्तिक गन्तव्यसम्म पुर्‍याउने त्यसका संरचनाहरू पुनर्निर्माण गरे पुग्छ कि विनिर्माण नै गर्नुपर्ने हो भन्ने चासोले व्यापकता पाउने अवस्था पो सिर्जना भयो । यसको सारतत्त्व के हुन्छ भने जुनसुकै बाटो अपनाए हिँडे पनि अन्त्यमा पुग्ने त समाधिमै हो भनेजस्तो हिजो माया गर्छु भनेर वाचा कसम खानेहरूले त माया दिएनन् । अहिलेकाहरूले झन् के देला र ? भन्ने अवस्थाबाट गुज्रनुको विकल्प छैन, तथापि आशावादी हुनुसिवाय ।

पुर्खाको मार्गनिर्देशनलाई पहल गर्ने, पुस्तालाई अगाडि बढाउने र आफ्नो दायित्व वहन गर्नेजस्ता महत्वपूर्ण त्रिवेणीद्वारा जीवन जिउनुको सारतत्त्व हुन्छ । अतयव मानिसले उमेर र भोगाइका जति लामो खाल्डा खन्दै जान्छ, विवेक, अनुभव र परिपक्वताको किरणले पनि उतिकै ओतप्रोत भएर जाने हो । जब उमेरसँगैको त्यो हैसियत पूरा गर्न सकिँदैन नि ! घामले पोलेर चाउरी पर्दै कपाल फुलेर मात्रै बुढ्यौलीको श्रीपेच ओढेको हो कि भन्ने मूल्यांकनको भँड्खालोमा जाकिने हो । यतिखेर म यही चुनौतीको निर्मम पहाडले थिचिएको छु ।

इसापूर्व एक/दुई शताब्दीतिर कौटिल्यले ज्ञानलाई आन्विक्षिकी, त्रयी, वार्ता र दण्डनीति भनेर चार भागमा बाँडेका थिए । शब्दमा जे भने पनि आजको परिप्रेक्ष्यमा अन्वेषण विश्लेषण र अनुमानलाई ज्ञानको पहिलो दर्जा दिएका छन् । कला, साहित्य, भाषा, गीत संगीत मनोरञ्जनलाई दोस्रोमा राख्छन् । पेसा, व्यवसाय, कृषि र पशुपालनलाई तेस्रो र चौथोमा राजनीतिक बुझाइलाई राख्छन् । यी चार कुराको बुझाइ ठीक भएमा जीवनका आधारभूत तत्त्वले पूर्णता पाउने आशा व्यक्त गर्छन् । यो भनाइलाई आफ्नो जीवन भोगाइसित तुलना गर्दा ठ्याक्कठ्याक्क मेल खाएको देख्छु । ज्ञानको सीमा कुनै विश्वविद्यालयद्वारा प्राप्त प्रमाणपत्रले मात्रै निर्धारण नगर्दो रहेछ । किनभने शिक्षा पद्धति लागू हुनुपूर्व पनि एक प्रकारको जीवनशैली थियो । समाज थियो र त्यो चलेकै थियो । ती जीवनशैली र समाज पनि त बिनाज्ञान, चेत र विवेकले चलेका थिएनन् ।

# एआईको लहरमा नेपाली युवा: प्रविधिले जुराएको नयाँ अवसर



सरोज बानियाँ

आगोको आविष्कारदेखि औद्योगिक क्रान्तिसम्म– मानव इतिहासका हरेक मोडले हाम्रो बाँच्ने शैलीलाई पुनर्परिभाषित गरेका छ ।

आज हामी ठ्याक्कै त्यस्तै अर्को एउटा महान र युगान्तकारी क्रान्तिको सँघारमा छौं, जसलाई हामी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) भन्दछौं । यो केवल प्रविधिको विकास मात्र होइन, यो त मानव सामर्थ्य र भविष्यको नयाँ डिभिजन हो ।

हिजोसम्म हलिउडका कल्पना र कथामा मात्र सीमित रहेको मेसिनरी चेतना आज हाम्रो खल्तीको स्मार्टफोनदेखि कार्यकक्षसम्म आइपुगेको छ । विशेषगरी नेपाली युवाहरूका लागि एआई केवल एउटा सफ्टवेयर मात्र नभई विश्व बजारमा प्रतिस्पर्धा गर्ने एउटा शक्तिशाली ब्रह्मास्त्र बनेको छ । यसले हाम्रो कामलाई गति मात्र दिएको छैन, बरु मानिसको सोच्ने, सिक्ने र सिर्जना गर्ने परम्परागत ढर्रालाई नै पूर्णतः बदलिदिएको छ ।

कृत्रिम बौद्धिकता अर्थात् एआईको प्रयोग र विस्तारसम्बन्धी पछिल्लो तथ्याङ्कले विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरमा यसको अभूतपूर्व प्रभावलाई पुष्टि गरेको छ । डाटारिपोर्टल डिजिटल २०२६ को पछिल्लो विश्वव्यापी प्रतिवेदन अनुसार, सन् २०२६ को सुरुवातसम्म विश्वभर एआईका विभिन्न मञ्चहरूमा सक्रिय प्रयोगकर्ताको संख्या १.५ अर्ब नाघेको छ । यसमध्ये च्याटजीपीटी एक्लैले साप्ताहिक रूपमा ९० करोड प्रयोगकर्ताहरूलाई सेवा दिइरहेको छ भने मोबाइल एप्लिकेसनको माध्यमबाट मासिक रूपमा करिब ५९ करोड मानिसहरू यसमा आबद्ध छन् । माइक्रोसफ्ट एआई इकोनोमी इन्स्टिच्युटको अध्ययनले विश्वका ८८ प्रतिशत व्यावसायिक प्रतिष्ठानहरूले आफ्नो कार्यप्रणालीमा कुनै न कुनै रूपमा एआईलाई आत्मसात गरिसकेको देखाउँछ ।

दक्षिण एसियाली क्षेत्रमा एआईको लहर विश्वव्यापी औसतभन्दा पनि तीव्र देखिएको छ । बोस्टन कन्सल्टिङ ग्रुप को सन् २०२६ सर्वेक्षणले दक्षिण एसियाली क्षेत्रका ७८ प्रतिशत कामदारहरूले हप्तामा कम्तिमा एक पटक एआईको प्रयोग गर्ने गरेको तथ्य सार्वजनिक गरेको छ ।

विशेषगरी भारतमा एआई प्रयोगकर्ता ९२ प्रतिशत पुगेर दक्षिण एसियामै नेतृत्वदायी भूमिका खेलिरहेको छ भने दक्षिण एशियाका करिब ५७ प्रतिशत उपभोक्ताहरू परम्परागत सेवाको तुलनामा एआईमा आधारित स्वचालित संवाद प्रणालीसँग अन्तरक्रिया गर्न बढी रुचाउँछन् ।

नेपालको सन्दर्भमा पनि एआईको प्रयोग आशालाग्दो ढंगले बढिरहेको छ । कार्य टेक्नोलोजीको सन् २०२६ मार्चको तथ्याङ्क अनुसार, नेपालमा दैनिक करिब ३ लाख ५० हजार मानिसहरूले एआईका पोर्टलहरू प्रयोग गर्ने गर्छन् भने मासिक सक्रिय प्रयोगकर्ताको संख्या १३ देखि १५ लाख को बीचमा रहेको अनुमान गरेको छ । बजार हिस्साको हिसाबले स्ट्याट काउन्टरले नेपालमा च्याटजीपीटीको हिस्सा ७२.८६ प्रतिशत (करिब ८ लाख १२ हजार मासिक प्रयोगकर्ता) र गुगल जेमिनीको हिस्सा १४.७६ प्रतिशत (करिब ३ लाख ८ हजार मासिक प्रयोगकर्ता) रहेको उल्लेख गरेको छ । यसरी नेपालको कुल कार्य–उमेर समूहका करिब १३ प्रतिशत नागरिकहरू अहिले "जेनेरेटिभ एआई" सँग प्रत्यक्ष रूपमा जोडिएका छन्, जसले नेपालको डिजिटल रूपान्तरणमा एआईको बढ्दो र अनिवार्य उपस्थितिलाई प्रमाणित गर्दछ ।

अहिलेको डिजिटल युगमा अत्याधिक प्रभाव पारिरहेका १० उत्कृष्ट एआई उपकरणहरू र तिनले हाम्रो दैनिक जीवनमा पारेको सकारात्मक प्रभावबारे नेपाली युवाहरूले उपयोग गरी मनग्य लाभ त लिन सकिरहेको छैन तर ती एआई एप्सहरु सँग गहिरो परिचय बनाउन सकेको छ । नेपालको सन्दर्भमा पनि एआईको प्रयोग आशालाग्दो ढंगले बढिरहेको छ । कार्य टेक्नोलोजीको सन् २०२६ मार्चको तथ्याङ्क अनुसार, नेपालमा दैनिक करिब ३ लाख ५० हजार मानिसहरूले एआईका पोर्टलहरू प्रयोग गर्ने गर्छन् भने मासिक सक्रिय प्रयोगकर्ताको संख्या १३ देखि १५ लाख को बीचमा रहेको अनुमान गरेको छ ।

# माटो परीक्षणपछि वैज्ञानिक खेतीतर्फ कृषकलाई सचेत गरिँदै

कांक्रेविहार संवाददाता
डोल्पा, २८ वैशाख



हिमाली जिल्ला डोल्पामा गरिएको माटो परीक्षणबाट जिल्लाको अधिकांश माटो क्षारिय प्रकृतिको रहेको पाइएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन एकाइ डोल्पाले सञ्चालन गरेको 'माटो परीक्षण तथा माटो स्वास्थ्य व्यवस्थापन' कार्यक्रम मार्फत गरिएको परीक्षणले यस्तो तथ्य सार्वजनिक गरेको हो।

माटोमा प्राङ्गारिक पदार्थको कमी, असन्तुलित रूपमा रासायनिक मलको प्रयोग, भू-क्षय तथा लामो समय सम्म एउटै बाली लगाउने प्रवृत्तिका कारण माटोको उर्वराशक्ति घट्दै गएको निष्कर्ष निकालिएको छ।

कृषि उत्पादनमा प्रत्यक्ष असर देखिन थालेपछि माटो परीक्षणलाई प्राथमिकतामा राखिएको कार्यक्रम कार्यान्वयन एकाइ डोल्पाले जनाएको छ।

कार्यक्रम अन्तर्गत मुड्केचुला गाउँपालिका, त्रिपुरासुन्दरी नगरपालिका, ठूलीभेरी नगरपालिका तथा काइके गाउँपालिकाबाट माटोका नमुना संकलन गरी परीक्षण गरिएको थियो।

परीक्षणका क्रममा माटो को पिएच, नाइट्रोजन, फस्फोरस तथा पोटास तत्वको अवस्था अध्ययन गरिएको हो। कार्यक्रम कार्यान्वयन एकाइका अनुसार जिल्लाका विभिन्न स्थानबाट संकलन गरिएका ७६ वटा माटो नमुनामध्ये ४६ नमुना क्षारीय, २४ नमुना तटस्थ तथा छ नमुना अम्लीय प्रकृतिका भेटिएका छन्।

अधिकांश माटोमा फस्फोरसको मात्रा उच्च रहेको देखिएको छ भने नाइट्रोजनको मात्रा मध्यम अवस्थामा रहेको पाइएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ डोल्पाका निमित्त कार्यालय प्रमुख गोविन्द बहादुर मल्लका अनुसार डोल्पाको भौगोलिक बनावट र सुख्खा हावापानीका कारण माटो व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ।

विशेषगरी स्याउ र सिमी जस्ता नगदे बाली उत्पादनका लागि माटोको सन्तुलित व्यवस्थापन अत्यावश्यक रहेको उनले बताए।

"माटो परीक्षणबाट प्राप्त नतिजाका आधारमा कृषकलाई माटो स्वास्थ्य कार्ड उपलब्ध गराइनेछ," उनले भने, "यसले कुन बाली लगाउने, कस्तो मल प्रयोग गर्ने तथा माटोको अवस्था अनुसार खेती प्रणाली अपनाउन कृषकलाई वैज्ञानिक जानकारी दिनेछ।"

कार्यक्रम अन्तर्गत कृषकहरूलाई माटो स्वास्थ्य सुधार, प्राङ्गारिक मलको प्रयोग, हरियो मल, बालीचक्र तथा माटो संरक्षण सम्बन्धी अभिमुखीकरणसमेत गरिएको छ। कृषि प्राविधिकहरूका अनुसार क्षारीय माटो सुधार गर्न प्राङ्गारिक मल, कम्पोष्ट मल, हरियो मल, जिप्सम तथा सल्फरको प्रयोग प्रभावकारी मानिन्छ।

त्यस्तै भू-क्षय नियन्त्रण, खेतमा छापो हाल्ने, चिस्यान संरक्षण तथा बालीचक्र अपनाउने अभ्यासले माटोको गुणस्तर सुधार गर्न सहयोग पुग्ने बताइएको छ।

निमित्त प्रमुख मल्लका अनुसार पिएच छ देखि सात को बीचमा रहेको माटो अधिकांश बालीका लागि उपयुक्त मानिन्छ।

अत्यधिक अम्लीय वा क्षारीय माटोले बिरुवाले आवश्यक पोषक तत्व सहज रूपमा लिन नसक्ने भएकाले उत्पादनमा प्रत्यक्ष असर पर्ने उनले बताए।

कार्यक्रम कार्यान्वयन एकाइ डोल्पाले स्थानीय तहसँग समन्वय गरी आगामी वर्षहरूमा पनि माटो परीक्षण अभियानलाई निरन्तरता दिने जनाएको छ।

कृषिमा वैज्ञानिक पद्धति अपनाउँदै माटोको स्वास्थ्य सुधार गर्न सके उत्पादन वृद्धि तथा खाद्य सुरक्षामा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

# सुकुमवासी बस्ती हटाउने अभियान, सयौँ परिवार बिचल्लि

कांक्रेविहार संवाददाता
बाँके, २८ वैशाख

कोहलपुर नगरपालिका ११ शान्तिनगरस्थित सुकुमवासी बस्ती हटाउने अभियानसँगै सयौँ परिवार विस्थापित भएका छन्।

नगर विकास समितिको जग्गा अतिक्रमण गरी बसेको भन्दै सुरु गरिएको हटाउने अभियानपछि बस्ती अहिले तनावग्रस्त बनेको छ।

बिहानदेखि बेलुकासम्मको जीवन संघर्षमा बाँचिरहेका स्थानीयहरू घर भत्किएपछि खुला आकाशमुनि पुगेका छन्।

सामानहरू छरपस्ट छन्– कपडा, झोला, सिरक र डसना सडक किनारमै अस्तव्यस्त अवस्थामा देखिन्छन्। विस्थापित परिवारहरू रुँदै आफ्नो भविष्यबारे चिन्ता व्यक्त गरिरहेका छन्। "बिहान खाउँ भने बेलुका छैन, बेलुका खाउँ भने बिहान छैन," भन्दै सुकुमवासी गोरख बहादुर घर्ती भावुक भने उनका अनुसार सात दिनदेखि परिवारले नियमित खाना समेत खान पाएको छैन।

"डुङ्गा बोकेर, अरूको चर्पी सफा गरेर बनाएको घर अहिले भत्काइँदैछ," उनले भने त्यस्तै कमला शोनी आफ्ना साना बालबालिकाको भविष्य सम्झिँदै भावुक बने उनले भनिन्। "बच्चाहरू बिहान स्कुल जानुअघि 'घर भत्कियो भने हामी कहाँ जाने?' भनेर सोध्छन्, हामीसँग जवाफ छैन।"

छिमेकी शान्ती मगर पनि घर छोड्नुपर्ने बाध्यताले निकै पीडामा छन्। उनि कहिले सामान सम्हाल्दै त कहिले भत्किँदै गरेको घरतर्फ फर्केर हेर्दै भावुक बनेकी देखिन्।

नगरपालिकाका अनुसार शान्तिनगर क्षेत्रमा शनिबार करिब ४० घर र आइतबार थप एक सय ४० घरटहरा हटाइएको छ। सो क्षेत्रमा करिब सात सय ५१ परिवार बसोवास गर्दै आएका थिए।

तीमध्ये केही अव्यवस्थित बसोवासी, भूमिहीन दलित तथा सुकुमवासी परिवार रहेको नगरपालिकाले जनाएको छ डोल्पा, हुम्ला, कालिकोट लगायत जिल्लाबाट आएका परिवार पनि उक्त बस्तीमा बसोवास गर्दै आएका थिए।

नगरपालिकाले वैशाख १६ गते १० दिने अल्टिमेटम जारी गर्दै अतिक्रमित जग्गा खाली गर्न आग्रह गरेको थियो।

नगर प्रमुख पूर्णप्रसाद आचार्यका अनुसार हटाउने कार्य अघि स्वेच्छिक रूपमा स्थान खाली गर्न आग्रह गरिएको थियो उनले वास्तविक भूमिहीन परिवारको पहिचान गरी व्यवस्थापन गर्ने योजना रहेको बताए।

तथ्याङ्क प्रमाणीकरणपछि मात्र वास्तविक लाभग्राही पहिचान हुनेछ," उनले भने। अभियानका क्रममा स्थानीय प्रशासन, जनप्रतिनिधि, नगर प्रहरी तथा सुरक्षाकर्मी परिचालन गरिएको छ।

विस्थापित परिवारका लागि अस्थायी बसोवासको व्यवस्था गर्न होल्डिङ सेन्टर सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ।

तर तत्कालीन व्यवस्थापन नहुँदा धेरै परिवार खुला आकाशमुनि बस्न बाध्य छन्। बालबालिका, वृद्धवृद्धा र महिलाहरू बढी प्रभावित बनेका छन्। स्थानीयहरूले उचित पुनर्वास बिना बस्ती हटाइँदा मानवीय संकट थपिएको बताएका छन्।

# उडान विस्तार, सातामा चार पटक सेवा



कांक्रेविहार संवाददाता
हुम्ला, २८ वैशाख

सरकारी स्वामित्वको नेपाल एयरलाइन्स ले हुम्ला जिल्लाका लागि नियमित हवाई सेवा विस्तार गरेको छ । स्थानीय बासिन्दा र यात्रुको बढ्दो मागलाई ध्यानमा राख्दै निगमले उडान संख्या थप गरेको जनाएको छ । नयाँ व्यवस्था अनुसार अब नेपालगन्ज-सुर्खेत-सिमकोट रुटमा सातामा चार पटक उडान सञ्चालन हुने भएको छ ।

यसअघि उक्त रुटमा सातामा तीन उडान मात्र हुँदै आएका थिए। एयरलाइन्सका प्रतिनिधि छिरिङ लामाका अनुसार हवाई यातायातको अभाव झेलिरहेका हुम्लावासीलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले उडान थप गरिएको हो। संशोधित उडान तालिका वैशाख २६ गतेदेखि कार्यान्वयनमा आएको छ। नयाँ तालिका अनुसार सोमबार, बुधबार र शुक्रबार सिमकोट-सुर्खेत तथा सिमकोट-नेपालगन्ज रुटमा नियमित उडान हुनेछ। थप गरिएको सेवासँगै दुर्गम क्षेत्रका यात्रुलाई आवतजावतमा केही सहज हुने अपेक्षा गरिएको छ। नेपाल एयरलाइन्सले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, १२ वर्षमुनिका बालबालिका तथा विद्यार्थीलाई विशेष सहुलियत दिने व्यवस्था पनि कायम राखेको जनाएको छ। यसैबीच, निगमले हवाई भाडादरमा समेत वृद्धि गरेको छ। नयाँ दर अनुसार नियमित उडानका लागि प्रति यात्रु १८ हजार रुपैयाँ टिकट शुल्क निर्धारण गरिएको छ।

# सडक र विद्युत् अभावले, जनजीवन कष्टकर

कांक्रेविहार संवाददाता
जुम्ला, २८ वैशाख

जिल्लाको तिला गाउँपालिका-५ स्थित डुब्री गाउँ अझै पनि आधारभूत पूर्वाधारबाट वञ्चित बनेको छ ।

एउटै वडाका चुलाकोट, खोलिगाउँ र ढिम्कोटमा करिब एक वर्षअघि विद्युत् सेवा पुगे पनि डुब्री गाउँमा भने अहिले सम्म बिजुली जडान हुन सकेको छैन।

गाउँमा विद्युत्का पोल गाडिएको लामो समय बितिसक्दा पनि लाइन विस्तारको काम पूरा नभएकाले स्थानीयवासी निराश बनेका छन्।

अहिले पनि स्थानीय दियालो र टुकीकै भरमा रात बिताउन बाध्य छन्। साँझ परेपछि गाउँ पूर्ण रूपमा अन्धकारमा डुब्ने गरेको स्थानीयवासीले बताएका छन्।

स्थानीय नरेन्द्र बहादुर शाहीका अनुसार विद्युत् अभावका कारण बालबालिकाको पढाइ प्रभावित भएको छ भने महिलाहरू र ज्येष्ठ नागरिकलाई दैनिक कामकाज गर्नसमेत कठिनाइ भइरहेको छ।



विद्युत् आउने आशामा बसेका गाउँले लामो समयसम्म काम सम्पन्न नभएपछि निराश बनेका छन्। अर्का स्थानीय भुपेन्द्र शाहीले विद्युत्का पोल गाडिएको वर्ष बितिसक्दा पनि बत्ती नबल्नु दुःखद भएको बताए। उनका अनुसार विकासका आधारभूत सेवा नपुग्दा गाउँलेको जीवन कष्टकर बनेको छ। डुब्री गाउँ भौगोलिक रूपमा विकट भएकाले सडक सञ्जालसमेत पुग्न सकेको छैन।

सडक अभावका कारण स्थानीयले उत्पादन गरेका कृषि उपज बजारसम्म पुऱ्याउन समस्या भोगिरहेका छन्। गाउँमा फापर, सिमी, गहुँ, मकै, जौ, कोदो, चिनो, कागुनो र भटमासजस्ता रैथाने बाली उत्पादन हुने भए पनि उचित बजार नपाउँदा किसानले अपेक्षित मूल्य पाउन सकेका छैनन्।

स्थानीयका अनुसार उत्पादन बोकेर घण्टौँ पैदल यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। सडक नहुँदा खाद्यान्न, औषधि तथा दैनिक उपभोग्य सामग्री ढुवानी गर्नसमेत कठिनाइ हुने गरेको छ।

वर्षायाममा बाटो झन् जोखिमपूर्ण बन्ने भएकाले बिरामीलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन समस्या हुने गरेको स्थानीयको भनाइ छ। प्रशासनिक सेवा लिनसमेत स्थानीयले सास्ती खेप्नुपरेको छ।

वडा कार्यालय रहेको चुलाकोट पुग्न चारदेखि पाँच घण्टा पैदल हिँड्नुपर्ने अवस्था रहेको जनाइएको छ। नागरिकता, सामाजिक सुरक्षा भत्ता र विभिन्न सिफारिस लिन दिनभर समय खर्च गर्नुपर्ने बाध्यता रहेको स्थानीयले बताएका छन्।

स्थानीयवासीले विकट बस्तीलाई प्राथमिकतामा राखेर विकास निर्माणका काम अघि बढाउन सरकारसँग माग गरेका छन्। स्थानीय भुमिकला शाहीले अझै पनि अन्धकारमै जीवन बिताउनुपरेको गुनासो गर्दै तत्काल विद्युत् सेवा सञ्चालन, सडक विस्तार तथा कृषि उत्पादनको बजारीकरणमा पहल गर्न आग्रह गरे।

वडा अध्यक्ष ललित शाहीले सडक निर्माणको काम जारी रहेको र विद्युत् जडानका लागि नेपाल विद्युत् प्राधिकरण सँग समन्वय भइरहेको जानकारी दिए। सीमित बजेटका कारण विकास निर्माणका काम अपेक्षा अनुसार अघि बढ्न नसकेको उनको भनाइ छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

## वन डढेलो लाग्ने कार्य नगर्न र गर्न नदिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको अनुरोध

सुख्खायाम शुरू भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरूमा वन डढेलोका घटनाहरू वृद्धि भईरहेको र वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनै पनि कार्य नगर्न र कोही कसैलाई गर्न नदिनको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले यो सूचना जारी गरेको छ। साथै वन डढेलोका घटनाहरू देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरूलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ। वन डढेलो नियन्त्रणको लागि सबै डिभिजन वन कार्यालयमा वन डढेलो फोकल टिम निर्माण गरी तैयारी अवस्थामा राख्नको लागि समेत सबै सब-डिभिजन वन कार्यालयहरूलाई यो सन्देश जारी गरिएको छ।

कर्णाली प्रदेश सरकार
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत



## आयुर्वेद चिकित्सा सेवा जडिबुटी एवं आयुर्वेद औषधि प्रयोग सम्बन्धि महत्वपूर्ण सूचना

- आयुर्वेद औषधि सेवन गर्नु पूर्व अनिवार्य रुपमा नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य परिक्षण गराउनु पर्छ।
- आयुर्वेद औषधिको Expiry मिति हेरेर मात्र प्रयोग गरौं।
- आयुर्वेद औषधिको साइडइफेक्ट हुन्न अथवा ग्यारेन्टी उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौं।
- झोलामा, गाडीमा बोकेर हिड्ने व्यक्तिहरुबाट आयुर्वेद/जडिबुटी जन्य औषधि किनेर प्रयोग नगरौं।
- आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रोगहरुको व्यवस्थापन गर्न सकिन्छ। यसको लागि अनिवार्य रुपमा आयुर्वेद स्वास्थ्य संस्थामा सम्पर्क गरौं र आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौं।
- आयुर्वेद उपचार एवं परामश लिनु अगाडि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका आयुर्वेद चिकित्सक/स्वास्थ्यकर्मीबाट नै उपचार गराइरहनु भएको छ भन्ने कुरामा सुनिश्चित हुनुहोस्।

**प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र**
कर्णाली प्रदेश, नेपाल


# अपांगता परीक्षण शिविर, आठलाई उपकरण सहयोग

कााँक्रेविहार संवाददाता
दैलेख, २८ वैशाख

डुङ्गेश्वर गाउँपालिकामा सञ्चालन गरिएको शारीरिक अपांगता परीक्षण घुम्ती शिविरमार्फत एक सय छ जनाले निःशुल्क स्वास्थ्य परीक्षण सेवा प्राप्त गरेका छन्। अपांग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, बनेपा र कर्णाली प्रदेश पुनर्स्थापना केन्द्रको आयोजनामा तथा डुङ्गेश्वर गाउँपालिकाको समन्वयमा शिविर सञ्चालन गरिएको हो।

शिविरमा बीएनबी हस्पिटल, सोसेक नेपाल र एभरेष्ट क्लब दैलेखले सहकार्य गरेका थिए। स्वास्थ्य शाखा प्रमुख लछमन खत्रीका अनुसार शिविरमा आगोले पोलेर अंग टाँसिएका, हड्डी बांगिएका, जोर्नी तथा घुँडामा समस्या भएका, ढाड बांगिएको, कुप्रो, जोर्नी दुख्ने तथा सुन्निने समस्या भएका व्यक्तिहरूको विस्तृत परीक्षण गरिएको थियो।



त्यस्तै हड्डी पाकेर दीर्घ समस्या भएका, औंला टाँसिएका वा बढी भएका, कृत्रिम हातखुट्टाको आवश्यकता भएका तथा ओठ-तालु फाटेका बिरामीहरूको पनि परीक्षण गरिएको उनले जानकारी दिए। शिविरमा नाक, कान तथा घाँटी सम्बन्धी समस्या भएका २७ जनाको परीक्षण गरिएको छ भने १० जनालाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।

कर्णाली प्रदेश पुनर्स्थापना केन्द्रका होमराज केसीका अनुसार आठ जना अपांगता भएका व्यक्तिलाई बैसाखी, ह्विलचियर, स्टिक, वाकर, लौरो र एल्बो क्रणलगायत सहायक सामग्री निःशुल्क वितरण गरिएको छ।

त्यसैगरी छ जना अपांगता भएका बालबालिका तथा थप उपचार आवश्यक भएका नौ जनालाई सुर्खेत रिफर गरिएको उनले जानकारी दिए।

शिविरमा सहभागी सेवाग्राहीलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष सुन्दरकुमार के.सी.ले अपांगता भएका व्यक्तिहरूको उपचार, पहिचान र पुनर्स्थापनामा स्थानीय सरकार प्रतिबद्ध रहेको बताए। उपाध्यक्ष कलावती न्यौपानेले आर्थिक अभाव र टाढा जानुपर्ने बाध्यता कम गर्न गाउँमै विशेषज्ञ सेवा उपलब्ध गराइएको बताए।

गाउँमै विशेषज्ञ सेवा पाएपछि स्थानीय सेवाग्राही खुसी भएका छन्। डुङ्गेश्वर तिनकी पुनम मल्लले आर्थिक अभाव र सेवा पहुँचको समस्याका कारण उपचार कठिन भइरहेको अवस्थामा गाउँमै सेवा पाउँदा ठूलो राहत मिलेको बताए।

## सरकारको...

सार्वजनिक यातायात पहुँच सुरक्षित बनाउने कार्यक्रम पनि समावेश गरिएको छ।

रेलमार्ग विस्तारतर्फ सरकारले केरुङ-काठमाडौं तथा रक्सौल-काठमाडौं रेलमार्गको लगानी मोडालिटी अध्ययनलाई अगाडि बढाउने जनाएको छ। दीर्घकालीन रूपमा जलवायु अनुकूल र दिगो यातायात प्रणाली विकास गर्ने नीति सरकारको छ।

सहरी विकासतर्फ पूर्वाधार सूचक कमजोर रहेका नगरपालिकालाई प्राथमिकतामा राखेर बृहत् सहरी विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। फोहर व्यवस्थापन, ढल प्रशोधन तथा पुनःप्रयोग प्रणालीलाई संस्थागत गर्ने लक्ष्य पनि सरकारले लिएको छ। साथै, भूमिहीन तथा विपन्न समुदायका लागि सहुलियतयुक्त आवास योजना कार्यान्वयन गरिने नीति कार्यक्रममा उल्लेख गरिएको छ।

भूकम्प प्रतिरोधी भवन निर्माणलाई अनिवार्य बनाउने तथा जोखिमयुक्त बस्ती व्यवस्थापनका लागि एकीकृत योजना लागू गर्ने नीति पनि सरकारले अघि सारेको छ। विपद् व्यवस्थापनलाई पूर्वतयारीमुखी बनाउँदै प्रारम्भिक चेतावनी प्रणाली, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिने उल्लेख गरिएको छ।

डिजिटल पूर्वाधार विस्तार सरकारको अर्को प्राथमिकता बनेको छ। नीति तथा कार्यक्रममा राष्ट्रिय डिजिटल पूर्वाधार निर्माण, क्लाउड तथा डेटा नीति कार्यान्वयन, साइबर सुरक्षाको सुदृढीकरण तथा कृत्रिम बुद्धिमत्तामा आधारित नवप्रवर्तनलाई प्रोत्साहन गर्ने योजना समावेश गरिएको छ।

दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिने सरकारको भनाइ छ।

चलचित्र, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रूपमा विकास गर्दै नेपाललाई अन्तर्राष्ट्रिय छायांकन गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने योजना पनि सरकारले अघि सारेको छ। सरकारले नीति तथा कार्यक्रममार्फत विकास आयोजनाको कार्यान्वयनमा ढिलाइ रोक्न "शून्य ढिला खरिद नीति" लागू गर्ने घोषणा पनि गरेको छ। ठूला आयोजना समयमै सम्पन्न गर्न ठेक्का प्रणाली सुधार तथा सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बनाइने उल्लेख गरिएको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/१/२९**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री झकबहादुर खत्री** धनी रहेको, **दर्ता नम्बर ८०००/०७७/०७८** बाट **भेरीगंगा-४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **जे.बि.आर. कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।






काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)